# आर्थिक ऐन, २०७८

मिति : २०७८/०३/१०

गाउँसभाबाट पारित भएको

रम्भा गाउँपालिका,
पिपलडाँडा, पाल्पा

# रम्भा गाउँपालिकाको आर्थिक विधेयक

## रम्भा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८

**प्रस्तावना** : रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छिनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रम्भा गाउँसभाले यो विधेयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (क) यस विधेयकको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(ख) यो ऐन २०७८ साल साउन १ गते देखि रम्भा गाउँपालिका भित्र लागु हुने छ ।

ग) यो ऐनमा उल्लेख गरिए बमोजिमका कर बाहेक अन्य कर असूल उपर गरिने छैन ।

**२.एकिकृत सम्पत्ति कर र घर जग्गा कर** : गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाइने र अशुल उपर गरिनेछ । एकिकृत सम्पत्ति कर हाललाई लगाइने छैन ।

**३. भूमी कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्रको जग्गाको उपयोगको आधारमा अनुसूची (२) बमोजिम भूमीकर (मालपोत) लगाइने छ ।जग्गा रजिष्टेसन वापतको दस्तुर प्रदेश कानुन बमोजिम लगाइनेछ र प्रदेश कानुन बमोजिम बाँडफाँड भए अनुसार प्राप्त हुनेछ ।

**४. घर जग्गा बहाल कर** : गाउँपालिका क्षेत्रभित्रको जग्गामा कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल रकममा घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५. व्यवसाय दर्ता तथा नविकरण शुल्क** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय दर्ता तथा नविकरण शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**६. जडीबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल र प्रचलित कानुन बमोजिम निषेधीत गरिएका जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला यस्तै प्रकृतीको वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

**९. मनोरञ्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिने छ । अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

**१०. बहाल विटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार,वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

**११. पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ ।

**१२. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा व्यवसाय सञ्चालन

गरे वापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने छ ।

**१३. सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची १२ मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. दहत्तर बहत्तर(ढुगां गिट्टी बालुवा) शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका नदिहरुबाट नदि जन्य पदार्थ विक्री वितरण गरेवापतको रकम प्रदेश कानुन बमोजिम अनुसूची १४ बमोजिम असुल उपर गर्ने छ ।

**१६. पंजिकरण विलम्ब शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गरेमा कुनै शुल्क लाग्ने छैन । ३५ दिन नाघेमा अनुसुची १५ बमोजिमको विलम्ब शुल्क लाग्ने छ ।

**१७. दण्ड जरिवाना** : प्रचलित कानुन र नियम विपरित कामकारबाही गरेको पाइएमा गाउँपालिकाको निर्णय बमोजिम दण्ड जरिवान तिर्नु पर्ने छ ।

**१८. वेरुजु असूली सम्बन्धमा** : लेखापरिक्षण हुदाँ असूल गर्नु पर्ने भनी तोकिए बमोजिमको रकम असूल उपर गरिने छ ।

**१९. अन्य कर** : ऐनमा तोकिएकोमा तोकिए बमोजिम र नतोकिएको अन्य कर कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

**२०. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर गाउंसभाबाट पारित दिन दुखीको हकमा अत्यवश्यक सिफारिश गर्नु परेमा कर छुट दिन सकिने छ ।

२१. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसारकर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१

## एकिकृत सम्पती कर र घर जग्गा कर

आर्थिक ऐन २०७८ को दफा २ अनुसार रम्भा गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पत्ती कर हाललाई लगाइने छैन । घर जग्गा कर मूल्याङ्कन समितीले प्रस्ताव गरेको दर रेट कार्यपालिकाबाट समेत पारित गरी गाउँसभाबाट पारित गर्नका लागि पेश गरेको छु ।

| क्र.सं. | विवरण | किसिम | कर, रकम -वार्षिक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टिन/ढुँगा/टायलको घर | १ तले | ५० | |
| | | २ तले | १०० | |
| | | ३ तले | १५० | |
| | ढलान/पक्की घर | १ तले | २०० | |
| | | २ तले | ३०० | |
| | | ३ तले र सो भन्दा माथी | ५०० | |

**नोट** : एक भन्दा बढी घर भई प्रयोग गरेको अवस्था भएमा माथी उल्लेखित बमोजिमको कर लाग्नेछ ।
यी शिर्षकबाट रु.३ लाख आम्दानी हुने अनुमान गरेको छु ।

## अनुसूची-२

## भूमी कर (मालपोत )

ार्थिक ऐन २०७८ को दफा ३ अनुसार :

| सि.नं. | विवरण | खेत | बारी | पाखो | कैफियत |
|---|---|---|---|---|---|
| १ | अव्वल (५ रोपनी सम्म) | १५.०० | १५.०० | १५.०० | |
| २ | अव्वल (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ३ | दोयम (५ रोपनी सम्म) | १२.०० | १२.०० | १२.०० | |
| ४ | दोयम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ५ | सीम (५ रोपनी सम्म) | १०.०० | १०.०० | १०.०० | |
| ६ | सीम (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ७ | चाहार (५ रोपनी सम्म) | ८.०० | ८.०० | ८.०० | |
| ८ | चाहार (५ रोपनी भन्दा माथी प्रती रोपनी) | ३.०० | ३.०० | ३.०० | |
| ९ | विलम्व दस्तुर | पहिलो एक वर्षको २० % | | | |
| | | दुई वर्षको ४० % | | | |
| | | तीन वर्षको ६० % | | | |
| | | चार वर्षको ८० % % | | | |
| | | **पाँच वर्षको १०० %** | | | |
| **५ वर्ष भन्दा माथी आएमा प्रत्येक वर्ष २० % का दरले थप गर्दै लैजाने ।** | | | | | |

जग्गा रजिष्टेशन वापत जिल्ला मालपोत कार्यालय मार्फत गाउँपालिकालाई प्राप्त हुने रजिष्टेशन दस्तुर अनुमानित ६ लाख र गाउँपालिकाबाट ६ लाख गरी जम्मा १२ लाख हुने अनुमान गरेको छु ।

## अनुसूची-३

## घर जग्गा बहाल कर

आर्थिक ऐन २०७८ को दफा ४ अनुसार :

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिए वापत | १०% |
| २ | अन्य प्रयोजनको लागि | |

## अनुसूची-४

## व्यवसाय दर्ता तथा नविकरण शुल्क

आर्थिक ऐन २०७८ को दफा ५ अनुसार :

| क्र.सं. | विवरण | करको श्रेणी -क) | करको श्रेणी -ख) |
|---|---|---|---|
| १ | होटल, लज,एवं साधारण होटल | ५०० | ३०० |
| २ | रेष्टुरेण्ट -म : म, तास, सेकुवा आदि) | ३०० | २०० |
| ३ | मिठाई पसल | ३०० | २०० |
| ४ | कपडा पसल -थोक एवं खुद्रा) | ८०० | ५०० |
| ५ | फेन्सी पसल | ८०० | ५०० |
| ६ | विविध श्रृगार पसल -थोक/खुद्रा) | ५०० | २०० |
| ७ | उनी धागो पसल | २०० | १०० |
| ८ | जुत्ता चप्पल पसल | ३०० | २०० |
| ९ | निर्माण सामाग्री | १००० | ५०० |
| १० | खद्यान्न, किनारा डिलर/खुद्रा | ५०० | ३०० |
| ११ | भाडा र गिफ्ट पसल -थोक/खुद्रा) | ५०० | ३०० |
| १२ | पुस्तक तथा पत्रिका पसल | ५०० | ३०० |
| १३ | छापाखाना | ३०० | २०० |
| १४ | आर्ट | ५०० | ३०० |
| १५ | फोटो स्टुडियो | ३०० | २०० |
| १६ | रोट पकाउने | ५०० | |
| १७ | पूजा सामाग्री | ३०० | |
| १८ | रोट पकाउने तथा पूजा सामाग्री संयुक्त | ७०० | |
| १९ | केवुल नेटवर्क | २०० | |

| | | | |
|---|---|---|---|
| २० | टि.भी., घडी, रेडियो, मोवाई विक्री/मर्मत | ३०० | |
| २१ | पङ्खा तथा स्टोभ मर्मत | २०० | |
| २२ | साइकल विक्री तथा मर्मत | २०० | |
| २३ | मोटर साइकल, मोटर पार्टस/वर्कसप | २००० | |
| २४ | ड्राइभिङ्ग इन्स्टिच्युट | १००० | |
| २५ | टायर मर्मत | ५०० | |
| २६ | ग्रील उद्योग | १५०० | |
| २७ | कवाडी सामानको थोक विक्रेता | | ५०० |
| २८ | टेण्ट हाउस | ५०० | |
| २९ | लाउण्डी पसल | ३०० | |
| ३० | मादल पसल | २०० | |
| ३१ | गोवर ग्याँस निर्माण कम्पनी | १००० | |
| ३२ | पाउ रोटी भण्डार | १००० | |
| ३३ | वित्तीय संस्था/सहकारी संस्था दर्ता शुल्क | वचत तथा ऋण सहकारी ३००० | कृषि तथा दुग्ध सहकारी-गाउँ गाउँमा क्रियाशिल विभिन्न आर्थिक कारोवार गर्ने समूहलाई वडा कार्यालय मार्फत गाउँगाउँमा दर्ता गर्न अभिप्रेरित गर्ने गरी दर्ता शुल्क रु.५००) |
| ३४ | वित्तीय संस्था/सहकारी संस्था नविकरण | १००० | |
| ३५ | कृषि तथा सहकारी संस्था नविकरण | २०० | |
| ३६ | स्थानिय स्तरमा संचालित विकास बैक | १५०० | |
| ३७ | स्थानिय स्तरमा संचालित बाणिज्य बैक | २००० | |
| ३८ | माथी उल्लेखित सवैको दर्ता र नविकरण सिफारिश दस्तुर | १५० | |
| | | | |
| ३९ | कलर ल्यव | ५०० | |
| ४० | निजी अस्पताल/औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |
| ४१ | पशु औषधी पसल (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | ५०० | |

| | | | |
|---|---|---|---|
| ४२ | पोलिक्लिनिक (औषधी व्यवस्था विभागको प्रक्रिया पुरा भए पछि मात्र) | २०००० | |
| ४३ | बीज भण्डार | ५०० | |
| ४४ | रंग रोगन पसल थोक विक्री | १००० | |
| ४५ | इलेक्ट्रिक पसल थोक विक्री | १००० | |
| ४६ | फर्निचर (स्टिल, मेटल) उद्योग विधिवत दर्ता पछि) | १०० | |
| ४७ | फर्निचर (स्टिल, मेटल) पसल | ५०० | |
| ४८ | मिल कुटानी पिसानी | २०० | १०० (सिंगल पेज) |
| ४९ | सुन चाँदी पसल | १००० | |
| ५० | आइसक्रिम उद्योग तथा पसल | २०० | |
| ५१ | कपडा सिलाई (प्रति मिशिन रु.७५) | २०० | |
| ५२ | हेयर कटिङ्ग | २०० | |
| ५३ | ल फर्म, लेखापढी व्यवसाय | ५०० | |
| ५४ | बोर्डिङ्ग स्कुल मा.वि. र आधारभूत विद्य(ालय | ३००० | २००० |
| ५५ | निर्माण व्यवसाय (घ) वर्ग | १२००० | ६००० |
| ५६ | आयल पम्प -पेट्रोल पम्प | २००० | १५०० |
| ५७ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन | ३०० | २०० |
| ५८ | उद्योग (कृषि सम्बन्धी नियमानुसार छुट हुने) | ७०० | ५०० |
| ५९ | सपिङ्ग सेन्टर | १००० | ७०० |
| ६० | तरकारी पसल (होलसेल पसल ५००) | २०० | १५० |
| ६१ | चश्मा पसल | ५०० | ३०० |
| ६२ | दाँत बनाउने पसल (डेन्टल पसल) | ५०० | ३०० |
| ६३ | मासु पसल | ५०० | ३०० |
| ६४ | नर्सरी र फलफुलका विरुवा विक्रि वितरण | ५०० | ३०० |
| ६५ | माटोको भाडा बनाउने | ३०० | २०० |
| ६६ | टेक्निकल इन्स्टिच्युट | २००० | १५०० |
| ६७ | कन्सल्टेक्सी फर्म (इन्जिनियर र सव इ(िन्जनियर) | ३००० | |
| ६८ | ज्योतीष सेवा | ३०० | २०० |

| | | | |
|---|---|---|---|
| ६९ | अडिटर फर्म (क, ख, ग र घ) | १००० | ५०० |
| ७० | सिलाइ, बुनाइ, पेन्टीङ्ग प्ररिक्षण | ४०० | ३०० |
| ७१ | ल्याव (परिक्षण) | ५०० | ३०० |
| ७२ | पुल बोर्ड | ४०० | ४०० |
| ७३ | बालुवा, ढुँगा, गिटी निकासी | प्रति क्यू. फिट ४ रुपैया | |
| ७४ | रेमिटेन्स सेवा (राष्ट्र बैंकको प्रक्रिया पुरा भए पछि) | १००० | |
| ७५ | कटिङ्ग ढुँगा | १००० | ६०० |
| ७६ | खरि ढुंगा खानी | २००० | |
| ७७ | क्रसर उद्योग | २०००० | १०००० |
| ७८ | व्लक उद्योग | २००० | १००० |
| ७९ | फलफुल पसल | ३०० | |
| ८० | ग्याँस (नियमानुसार अनुमति) | ५०० | |
| ८१ | कुखुरा फर्म, दर्ता<br>क) (१-५००) संख्या सम्म<br>ख) (५०१-१०००) संख्या सम्म<br>ग) (१००१ भन्दा बढी | <br>५००<br>७५०<br>१००० | |
| ८२ | बंगुर फर्म दर्ता | १००० | |
| ८३ | कृषि  फर्म (एग्रो फर्म) | १००० | |
| ८४ | डेरी स्थापना | १००० | |
| ८५ | भैसी र पाडा फर्म | १५०० | |
| ८६ | बाखा फर्म | १००० | |
| ८७ | लोकल कुखुरा फर्म | ५०० | |
| ८८ | नियम विपरित काम गर्ने व्यवसायलाई जरिवाना | १०० % | |
| ८९ | नियम विपरित काम गर्ने हेभी इकुभ्मेटको हकमा जे.सी.भी.पहिलो पटकलाई | ७५०० | दोस्रो पटकलाई ५० % थप<br>दोस्रो पटकलाई ५० % थप<br>तेस्रो पटकलाई १०० % थप<br>तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम कारबाही अगाडि बढाउने । |

| | | | |
|---|---|---|---|
| ९० | नियम विपरित काम गर्ने एक्साभेटर पहिलो पटकलाई | १५००० | दोस्रो पटकलाई ५० % थप तेस्रो पटकलाई १०० % थप तीन पटक भन्दा बढी सो काम गरेमा नियम कानुन बमोजिम कारबाही अगाडि बढाउने । |
| ९१ | बस, ट्रक, लहरी | ६००.०० | |
| ९२ | मिनि बस, ट्रक (६ पांग्रे) | ५००.०० | |
| ९३ | मिनी बस, ट्रक (चार पांग्रे) | ४००.०० | |
| ९४ | भाडा कार जिप | २५०.०० | |
| ९५ | निजी कर, भ्यान, जिप, पिकअप | २५०.०० | |
| ९६ | ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि | ५००.०० | |
| ९७ | ट्याक्टर सानो ४० हर्ष पावर भन्दा सानो | २५०.०० | |
| ९८ | स्कुटर , मोटरसाईकल | १००.०० | |
| ९९ | ठेला तथा रिक्सा | ५०.०० | |
| १०० | सफा टेम्पो | ५०.०० | |
| १०१ | पावर टेलर | २००.०० | |
| १०२ | लोडर, डोजर र एक्साभेटर (भ्याकुम) | ३०००.०० | |
| १०३ | घुमफिर गरी बेच विखन गर्नेलाई प्रति महिना | २००.०० | |
| १०४ | ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग दर्ता शुल्क | १००० | |

**व्यवसायको किसिम** :

१. ख वर्गको व्यवसाय : रु.२० लाख सम्म लगानी

२. क वर्गको व्यवसाय : २० लाख रुपैया भन्दा बढी लगानी

व्यवसाय कर संकलन कार्यविधि तयार गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

सम्पूर्ण खालका व्यवसायहरुको नविकरण गर्दा दर्ता शुल्कको ५०% शुल्क लाग्नेछ । व्यवसाय दर्ता र नविकरणबाट वार्षिक रु.५ लाख उठ्ने अनुमान गरिएको छ ।

## अनुसुची-५

जडीबुटी, कवाडी र जीवजन्तु कर (विक्रीबाट प्राप्त रकम)

आर्थिक ऐन २०७८ को दफा ६ अनुसार :

प्रति टयाक्टर १००

प्रति मिनी ट्रक २००

प्रति हेभी ट्रक ३००

कवाडी कर वापत वार्षिक रु.१० हजार  उठ्ने अनुमान गरेको छु ।

**अनुसुची-६**

वार्षिक सवारी साधन कर

आर्थिक  ऐन २०७८ को  दफा ७ अनुसार :

प्रदेश सरकारले बनाएको कानुन बमोजिम हुनेछ ।

यि शीर्षकहरुबाट वार्षिक १० हजार  राजस्व प्रदेश सरकारले पठाउने  अनुमान गरेको छु ।

**अनुसुची-७**

विज्ञापन कर (आयमुलक कार्य)

आर्थिक ऐन २०७८ को दफा ८ अनुसार :

यो सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

यी शीर्षकहरुबाट वार्षिक १० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

**अनुसुची-८**

मनोरञ्जन कर

आर्थिक  ऐन २०७८ को  दफा ९ अनुसार : प्रदेशले बनाएको कानुन बमोजिम हुनेछ ।

यी शीर्षकहरुबाट वार्षिक १० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

**अनुसुची-९**

वहाल विरौटी कर

आर्थिक  ऐन २०७८ को  दफा १० अनुसार :

सार्वजनिक जग्गा र सार्वजनिक भवनलाई भाडामा लगाउन परेमा सरकारलाई आवश्यक परेको बेलामा फिर्ता गर्ने गरी कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

यस शीर्षकबाट वार्षिक ३० हजार राजश्व उठ्ने अनुमान गरेको छु ।

**अनुसुची-१०**

पार्किङ्ग शुल्क

आर्थिक  ऐन २०७८ को  दफा ११ अनुसार :

| | |
|---|---|
| सवारी पार्किङ्ग शुल्क (रम्भा देवी मन्दिर परिसर क्षेत्रमा) | मोटरसाईकल रु.१०<br>कार, जिप, भ्यान रु.३०<br>बस, ट्रक रु.८०<br>ट्याक्टर रु.४० |

उक्त पार्किङ्ग स्थल प्रयोग, उपयोग र व्यवस्थापन गर्ने र प्रति फलको हिस्सेदारी यस अघि जग्गाधनीसँग भएको सम्झौता अनुरुप गाउँपालिकाले गरेको निर्णय अनुरुप हुनेछ । अनुमानित आम्दानी वार्षिक रु.५०००.०० उठ्ने अनुमान गरेको छु ।

**अनुसूची-११**

ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

आर्थिक  ऐन २०७८ को  दफा १२ अनुसार : ऱ्याफ्टीङ्ग व्यवसाय संचालन गरेका फर्महरुले लाभग्राहीबाट उठाएको रकमको १ प्रतिशत रकम गाउंपालिकालाई  शुल्क स्वरुप तिर्नु पर्ने छ ।

ट्रेकिङ्गको हकमा समूगत रुपमा यस पालिकामा ट्रेकिङ्ग गर्न आएमा प्रति समूह रु १०० रुपैया तिर्नु पर्ने छ ।

यस सम्बन्धी कर प्रचलित नियमानुसार असुल गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । अनुमानित

आम्दानी वार्षिक रु. ५०००.०० उठ्ने अनुमान गरेको छु ।

## अनुसूची-१२

१ सेवा शुल्क, दस्तुर

आर्थिक ऐन २०७८ को दफा १३ अनुसार :

| सि.नं. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| **१** | **नाता प्रमाणित** | **अङग्रेजी**<br>**नेपाली** | **५००**<br>**१५०** |
| २ | राहदानी सिफारिस | | २०० |
| ३ | जग्गा प्रशासन :<br>क) नामसारी | नामसारी | १५० |
| | जग्गा प्रशासन :<br>ख) घरबाटो सिफारिस (प्रति कित्ता) थप कित्ताको लागि पक्की सडकमा पर्ने रु.५० प्रति कित्ता र कच्ची सडक रु.२५ प्रति कित्ता थप दस्तुर लाग्ने छ । | साधारण :<br>कालोपत्रे सडकले छोएका जग्गाहरु अन्य पक्की मार्ग<br>बाटो नभएको | ३००।००<br>५००<br>१५० |
| ४ | पति पत्नीको सम्बन्ध विच्छेदको सिफारिस | | २०० |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | ५०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १५० |
| ७ | भारतीय पेन्सन पारिवारिक विवरण रअन्य सिफारिस | | १००० |
| ८ | भारतीय पेन्सन सिफारिस लागि | | ७०० |
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण | | ३०० |
| १० | वृटिश पेन्सन पारिवारिक विवरण सिफारिस | | २००० |
| ११ | संघ संथा, | दर्ता<br>दर्ता र नविकरण सम्बन्धी सिफारिश | १०००<br>२०० |

| | | | |
|---|---|---|---|
| १२ | आमा समूह | दर्ता<br>दर्ता र नविकरण सम्बन्धी सिफारिस | १०००<br>१५० |
| १३ | क्लब | दर्ता<br>दर्ता र नविकरण सम्बन्धी सिफारिस | १०००<br>१५० |
| १४ | टोल विकास संस्था | दर्ता<br>दर्ता र नविकरण सम्बन्धी सिफारिस | १०००<br>१५० |
| १५ | गैर सरकारी संस्था | दर्ता<br>दर्ता र नविकरण सम्बन्धी सिफारिस | १०००<br>२०० |
| १६ | कृषि तथा पशु | फर्म दर्ता<br>फर्म दर्ता  सिफारिस | १०००<br>१५० |
| १७ | विद्यालय तर्फ | बाल विकास केन्द्र सञ्चालन | ५०० |
| | | प्रा.वि. तह १ देखि ५ | १००० |
| | | आधारभूत तह ६ देखी ८ | १५०० |
| | | मा.वि. | २००० |
| | | स्नातक वा सो भन्दा बढी | ५००० |
| | | प्राविधिक शिक्षाको सिफारिस | २००० |
| | | शिक्षक विज्ञापन अनुमति | ५०० |
| | | अभिलेखिकरण | १००० |
| | | शिक्षक सरुवा सहमति आउने | १००० |
| | | जाने | १५०० |
| १८ | काठ दाउराको सिफारिस | प्रतिगाडी (६ चक्के)<br>प्रतिगाडी (१०देखि १२चक्के)<br>ट्याकटर | १०००<br>१५००<br>३०० |
| १९ | अङग्रेजी रुपान्तर | जन्म दर्ता ठेगाना परिवर्तन वाहेक | ५०० |
| २० | वंशजको नागरिकता र प्रतिलिपी सम्बन्धी सिफारिस | | ५० |
| २१ | नावालक परिचय पत्र (सिफारिस) | | ५० |
| २२ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | ५०० |
| २३ | नाम सुधारको सिफारिस | | १५० |
| २४ | सर्जिमिन मुचुल्का नागरिकता | | २०० |

| | | | |
|---|---|---|---|
| २५ | क) चारकिल्ला बाटोमा नपर्ने (१ रोपनी)<br><br><br>ख) चारकिल्ला प्रमाणित बाटोमा पर्ने | साधारण बाटोमा नपर्ने<br>सो भन्दा माथी भएमा प्रतिरोपनी २० % का दरले थप दस्तुर लाग्नेछ ।<br>कच्चि सडकले छोएका एक आपसमा जो डिएका सवै कित्ताहरु<br>पक्की बाटोले छोएका एक आपसमा जो डिएका सवै कित्ताहरु | ३००<br><br><br>४००<br><br>५०० |
| २६ | | साधारण र पक्की घरसहित जग्गाको ४ किल्ला | २०० |
| २७ | सनाखतको सिफारिस | | २०० |
| २८ | जन्म, मृत्यु सम्बन्धी सिफारिस | अङग्रेजी<br>नेपाली<br>प्रमाणित शुल्क | ५००<br>१५०<br>१०० |
| २९ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | २०० |
| ३० | नाम, थर, जन्म, मिति संशोधन सिफारिस | | १५० |
| ३१ | सर्जमिन शुल्क | | ३०० |
| ३२ | अमिन शुल्क | १ कित्ता (जोडिएको प्रति कित्ता थप रु.२००) | १५०० |
| ३३ | अविवाहित /विवाहित प्रमाणित | अङग्रेजी<br>नेपाली | १५०<br>१५० |
| ३४ | वसाइसराइ | जाने<br>आउने | ५००<br>१५० |
| | | आउने | १५० |
| ३५ | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ५०० |
| ३६ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | ३०० |
| ३७ | | चारित्रिक सिफारिस विद्यार्थीका लागि | १५० |
| ३८ | | जनजाती र दलित प्रमाणित | १५० |

| | | | |
|---|---|---|---|
| ३९ | विद्युत जडान सम्बन्धी सिफारिस स्तर अनुसार | १) सामान्य कच्ची घर<br>पक्की घर<br>२) व्यवसायिक<br>३) थ्रिफेज १००० | १५०<br>३००<br>५००<br>१००० |
| ४० | टेलिफोन जडान सम्बन्धी सिफारिस | | १५० |
| ४१ | निजी धारा धारा जडान सम्बन्धी सिफारिस | | १५० |
| ४२ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आर.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | ३००<br>१५० |
| ४३ | उद्योग स्थापना सिफारिस | ठूलो उद्योग<br>मझौला उद्योग<br>सानो उद्योग | ५००<br>४००<br>२०० |
| ४४ | छात्रवृत्ती सम्बन्धी सिफारिस | | निशुल्क |
| ४५ | स्थायी बसोवास सिफारिस | | १५० |
| ४६ | न्यायिक कार्यका लागि निवेदन | | २०० |
| ४७ | नक्कल (न्यायिक निर्णयको हकमा) | | प्रतिपाना रु.१० |
| ४८ | लाहुरे चाल चलन प्रमाणित | लाहुरे भइ सकेपछि | १००० |
| ४९ | लाहुरे अविवाहित प्रमाणित | ,, | १००० |
| ५० | लाहुरे मुचुल्का | ,, | १००० |
| ५१ | लाहुरे हुन जाने बेलामा गर्ने सवै प्रमाणितहरुको प्रति प्रमाणित | | १५० |

२ अन्य सिफारिस, दस्तुर

| सि.नं. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | निवेदन फाराम तथा अनुसूची फाराम (प्रतिपाना) | | १० |
| २ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | | २०० |
| | अन्य मुचुल्का | | ३०० |
| ३ | निवेदन दर्ता व्यक्तिगत | | ५० |

| | | | |
|---|---|---|---|
| ४ | भवन निर्माण दरखास्त फाराम | | कच्ची १००,<br>पक्की ५००<br>(भूकम्प पिडितलाई निशुल्क) |
| ५ | परिक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | नियमानुसार | ५०० |
| ६ | कोटेशन फाराम शुल्क | आर्थिक नियमानुसार | १००० |
| ७ | टेण्डर फाराम शुल्क | आर्थिक नियमानुसार | ३००० |
| ८ | निवेदन नक्कल प्रति पाना | आफैले सार्दा<br>कार्यालयले सार्दा | १०<br>२० |
| ९ | घर पालुवा कुकुर | दर्ता र नविकरण | १०० |
| १० | भरुवा बन्दुक नविकरण सिफारिश दस्तुर | जिल्ला भर | ४०० |
| | | नेपाल भर | ५०० |
| ११ | मिलापत्र दस्तुर प्रति पक्ष | | ५०० |
| १२ | खयर (वन ऐन अनुसार प्रक्रिया पुरा गरेको) | प्रति रुख | १०० |
| १३ | साल ,, | ,, | ७५ |
| १४ | कुकाठ ,, | ,, | ५० |

यि सवै शिर्षकबाट समग्रमा १० लाख वार्षिक राजस्व उठ्ने अनुमान गरेको छु ।

३ हैसियत प्रमाणित

| सि.नं. | कर सूची | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मूल्याकाङ्क | रु.१० लाख सम्म<br>रु.२० लाख सम्म<br>रु.३० लाख सम्म<br>रु.४० लाख सम्म<br>रु.५० लाख सम्म<br>रु.५० लाख भन्दा बढीमा प्रति १० लाख | १,०००<br>१५००<br>२०००<br>२५००<br>३०००<br><br>५०० थप |
| २ | वार्षिक आम्दानी (ऋण लिन र वैदेशिक रोजगार) | रु.५ लाख सम्म<br>रु.१० लाख सम्म<br>रु.२० लाख सम्म<br>रु.३० लाख सम्म<br>रु.४० लाख सम्म<br>रु.४० लाख भन्दा बढीमा प्रति ५ लाख | १०००<br>१५००<br>२५००<br>३५००<br>४५००<br><br>५०० थप |

क. सम्पत्ती मूल्याङ्कन र वार्षिक आम्दानी दुवै गराउनेलाई बढी दस्तुर हुन आउने एक मात्र असुल गर्ने ।

यी सबै शिर्षकहरुबाट वार्षिक रु.२० हजार राजस्व उठ्ने अनुमान गरेको छु ।

ख) गाउँपालिकाले तत्काल धितो मूल्याङ्कन गरेको सिफारिसको पुन : नविकरण गर्नु पर्दा जुन प्रयोजनका लागि गरिएको हो सोको लागि लाग्ने दस्तुरको १० प्रतिशत थप राजस्व लिएने छ ।

**४. व्यवसाय दर्ता तथा इजाजत दस्तुर**

| सि.नं. | विवरण | २०७६/०७७ |
|---|---|---|
| क) | व्यवसाय दर्ता तथा इजाजत दस्तुर<br>५ लाख रुपैया सम्मको व्यवसाय दर्ता दस्तुर १००० | १००० |

| | |
|---|---|
| टावर (टेलिफोन, मोवाइल) प्रति टावर | १०००० |

यस शिर्षकबाट वार्षिक ५ हजार राजस्व आम्दानी हुने अनुमान गरेको छ।

**५. संरचना निर्माणघर नक्शा पास दस्तुर**

| सि.नं. | भौतिक संरचना निर्माण | करको दर (प्रति वर्ग फिट) ने.रु.मा | | |
|---|---|---|---|---|
| | | नक्शापास क्षेत्र | | |
| | | क | ख | ग |
| १ | आर.सी.सी. फ्रम स्ट्रक्चर | | | |
| क) | पूर्ण भूमिगत तला | २.०० | १.५० | १.०० |
| ख) | अर्ध भूमिगत तला | ४.०० | ३.५० | ३.०० |
| ग) | जमिन तला | ४.०० | ३.५० | १.५० |
| घ) | पहिलो तला | ४.२५ | ३.७५ | १.५० |
| ङ) | दोश्रो तला | ४.५० | ४.०० | १.७५ |
| च) | तेश्रो तला | ४.७५ | ४.२५ | २.०० |
| छ) | चौथो तला | ५.०० | ४.५०० | २.५० |
| ज) | पाँचौ तला वा सो भन्दा माथी | १०.०० | ८.०० | ३.०० |
| २. | सिमेन्टको जोईमा इटा वा ढुंगाको गारो(न्यूनतम ३३ से.मी. मोटाई) आर.सी.सी.,टायल जस्ता पाता छाना | ३.२५ | २.५० | ०.५० |
| ३. | जोडाईमा इटा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्ता पाता छाना | ३.२५ | २.२५ | ०.३० |
| ४ | माटोको जोडाईमा इटा वा ढुंगाको | ३.०० | २.०० | ०.२५ |

**अनुसुची-१३**

**पर्यटन शुल्क**

आर्थिक ऐन २०७८ को दफा १४ अनुसार : प्रदेश कानुन बमोजिम हुनेछ।

**अनुसुची-१४**

अन्य विक्रीबाट प्राप्त आय (दहत्तर बहत्तर (ढुगां गिट्टी बालुवा) शुल्क

आर्थिक ऐन २०७८ को दफा १५ अनुसार : दहत्तर बहत्तर शुल्क प्रदेश सरकारले बनाएको कानुनसँग नबाझ्ने गरी गाउसभाले तोके बमोजिम हुनेछ।

यस शिर्षकबाट वार्षिक ७० लाख १० हजार राजस्व आम्दानी हुने अनुमान गरेको छ।

## अनुसुची-१५

आर्थिक ऐन २०७८ को दफा १६ अनुसार : तपसिल बमोजिमको घटना दर्तासम्बन्धी विलम्व शुल्क लिइनेछ ।

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता | १५० | |
| २ | विवाह दर्ता | १५० | |
| ३ | मृत्यू दर्ता | १५० | |
| ४ | वसाईसराई | आएको १५०<br>गएको ५०० | |
| ५ | सम्बन्ध विच्छेद | १५० | |
| ६ | घटना दर्ताको प्रतिलिपी | ३०० | |

यस शिर्षकबाट वार्षिक २ लाख राजस्व आम्दानी हुने अनुमान गरेको छु ।

जम्मा प्राप्त हुने कर, शुल्क, दस्तुरबाट अनुमानित आम्दानी एकमुष्ट सूची

| क.सं. | विवरण | प्राप्त हुने अनुमानित आम्दानी | कैफियत |
|---|---|---|---|
| १ | सम्पति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | ३ लाख | |
| २ | भूमिकररमालपोत | १२ लाख | |
| ३ | घर जग्गा बहाल कर | १ लाख ५० हजार | |
| ४ | व्यवसाय दर्ता तथा नविकरण | ५ लाख | |
| ५ | कवाडी (विक्रीबाट प्राप्त रकम) | १० हजार | |
| ६ | सवारी साधन कर(साना सवारी) | १० हजार | |
| ७ | अन्य सस्थागत आन्तरिक अनुदान | १० हजार | |
| ८ | परिक्षा शुल्क | १० हजार | |
| ८ | बहाल विटौरी | ३० हजार | |
| ९ | पार्किङ्ग शुल्क | ५ हजार | |
| १० | सिफारिस, सेवा शुल्क दस्तुर | १० लाख | |
| ११ | हैसियत प्रमाणित | २० हजार | |
| १२ | घटना दर्ता विलम्ब शुल्क | २ लाख | |
| १३ | नदिजन्य पदार्थको विक्रि वापत | ६२ लाख ९५ हजार | |
| १४ | अन्य दस्तुर | ५ हजार | |
| १५ | अन्य क्षेत्रको आय | २५ हजार | |
| १६ | प्रशासनिक दण्ड जरिवान र जफत | ५० हजार | |

| | | | |
|---|---|---|---|
| १७ | वेरुजु | २ लाख | |
| | जम्मा | १ करोड | |

रम्भा गाउँपालिकाको विनियोजन ऐन २०७८/०७९

रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** :- रम्भा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप धारा २ बमोजिम रम्भा गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम रम्भा गाउँपालिकाको विनियोजन ऐन, २०७८ रहनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०७८/०७९ को लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७८/०७९ को लागि गाउँपालिका, वडा समिती, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,०२,४०,४३८/- मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन** : (१)यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९को लागि रम्भा गाउँपालिका, गाउँकार्यपालिका, न्यायिक समिती, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ।

(२) उपदफा १मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने दे खिन आएमा गाउँ कार्यपालिकाले वचत हने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिन्छ।

तर चालु तथा पूँजीगत खर्च  र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा २ मा जुनसकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ।

## अनुसूची १

यस गाउँपालिकाको तपसिल बमोजिमको शिर्षकहरुको श्रोत अनुमान गरिएको छ ।

आय तर्फ :

| | | |
|---|---|---|
| १. सर्शत अनुदान तर्फः- | | |
| संघिय सरकार :- | | |
| | चालु खर्च :- | १८,६३,००,००० /- |
| | पूँजीगत खर्च :- | २,२८,००,०००/- |
| प्रदेश सरकार :- | - | ८५,४४,०००/- |
| | जम्मा | २१,७६,४४,००० /- |
| २.राजस्व बाँडफाँड तर्फ | | |
| संघिय सरकार :- | ६,५२,८८,०००/- | |
| प्रदेश सरकार :- | ५६,२०,४३८/- | |
| | जम्मा | ७,०९,०८,४३८/- |
| ३.वित्तिय समानीकरण अनुदान तर्फ | | |
| संघिय सरकार :- | ९,७०,००,०००/- | |
| प्रदेश सरकार :- | ४५,३२,०००/- | |
| | जम्मा | १०,१५,३२,०००/- |
| ४.विशेष अनुदान | | |
| संघिय सरकार :- | - | |
| प्रदेश सरकार :- | ६०,००,०००/- | |
| | जम्मा | ६०,००,०००/- |
| ५.आन्तरिक आम्दानी | १,००,००,०००/- | १,००,००,०००/- |
| ६. विद्युत रोयल्टी | ३५,००,०००/- | ३५,००,०००/- |
| ७. समपुरक कोष :- | | |
| | संघिय सरकार :- | ४२,००,००० /- |
| | प्रदेश सरकार :- | १,५०,००,००० /- |
| | जम्मा :- | १,९२,००,००० /- |
| ८. गत बर्षको अल्या. | ४०००००००/- | ४०००००००/- |
| | कुल जम्मा | ४६,८७,८४,४३८/- |
| व्यय तर्फ : | | |
| १ सर्शत अनुदान तर्फः- | | |

| | | |
|---|---|---|
| संघिय सरकार :- | | |
| | चालु खर्च :- | १८,६३,००,००० /- |
| | पूँजीगत खर्च :- | २,२८,००,०००/- |
| प्रदेश सरकार :- | - | ८५४४०००/- |
| | जम्मा | २१,७६,४४,००० /- |
| २. विशेष अनुदान | | |
| संघिय सरकार :- | - | |
| प्रदेश सरकार :- | ६०,००,०००/- | |
| | जम्मा | ६०,००,०००/- |
| ३. समपुरक कोष :- | | |
| | संघिय सरकार :- | ४२,००,००० /- |
| | प्रदेश सरकार :- | १,५०,००,००० /- |
| | जम्मा :- | १,९२,००,००० /- |
| ४. चालु खर्च :- | | ९,१५,६५,०००/- |
| ५. पूँजीगत खर्च :- | | १३,४३,७५,४३८ /- |
| | कुल जम्मा :- | ४६,८७,८४,४३८/- |
| | | |
| चालु खर्च | २८,३८,६५,००० | |
| पूंजीगत | १८,४९,१९,४३८ | |
| | जम्मा | ४६,८७,८४,४३८ |